# साना अनुदान कार्यक्रम कार्यान्वयन मार्गदर्शन २०७२

(अनुदान कार्यान्वयन निर्देशिका २०७२ को २.२ को VII कार्यान्वयन प्रयोजनका लागि)



## नेपाल सरकार
## कृषि विकास मन्त्रालय
## किसानका लागि उन्नत विउ विजन कार्यक्रम

IFAD
INTERNATIONAL FUND FOR AGRICULTURAL DEVELPMENT

**Implementing Agency**

**Funding Agency**

# विषयसुची

परिचय ........ 3

आयोजनाको कार्य क्षेत्र ( Program Areas ) ........ 3

सहयोगका क्षेत्रहरु ( Support Areas ) ........ 4

कृषि बाली (Crops ) ........ 4

पशुपालन (Livestock) ........ 5

औषत अधिकत्तम सिमा प्रति उपआयोजना (Maximum Grant Per sub project ) ........ 5

लागत बाँडफाँड व्यवस्था (Cost Sharing Provision ) ........ 5

समाबेश गर्न सकिने भैपरी आउने खर्च ( Contingency Costs) ........ 5

योग्य लक्षित समूह ( Eligible Target Groups) ........ 5

साना अनुदान सहयोग कार्यान्वयन प्रकृया (Small Grant Implementation Process ) ........ 6

कार्यक्रम कार्यान्वयनका विभिन्न चरणहरु ........ 7

पुर्ण प्रस्ताव आव्हान तथासंकलन ........ 7

पुर्ण प्रस्तावको मुल्यांकन तथा स्थलगत प्रमाणिकरणका लागि सिफारिश ........ 8

पुर्ण प्रस्तावको स्थलगत प्रमाणिकरण ........ 8

सफल भएका उप-आयोजना प्रस्ताव छनौट गरी जि.कृ.वि. /जि.प.से.का. का कार्यालय प्रमुख समक्ष पेश गर्ने ........ 9

उप-आयोजना संचालन, अनुगमन र प्रतिवेदन ........ 9

साना अनुदान सहयोग अन्तरगत खरिद ब्यबस्था ........ 10

खरिद समिति गठन ........ 10

मेशिन उपकारण एंव औजार खरिद प्रक्रिया ........ 10

मल, विउ, नश्ल आदि खरिद ........ 10

निर्माणसम्बन्धि कार्य ........ 10

कागजातहरु बुझाउनु पर्ने ........................................................................................................................ 11

साना अनुदान निकासा तथा भुक्तानी प्रक्रिया ........................................................................................................ 11

खर्चको विवरण र प्रगति प्रतिवेदन ........................................................................................................................ 11

सार्वजनिक सुनुवाइ /लेखा परीक्षण ........................................................................................................................ 12

कृषक समुह ........................................................................................................................................................ 12

सहकारी संस्था .................................................................................................................................................... 12

उप-आयोजनाको कार्यक्रम संचालनवारे र्साावजनिकीकरण ...................................................................................... 13

अनुगमन तथा सुपरीवेक्षण ................................................................................................................................... 13

अनुसुची १ प्रस्ताव पत्रको नमुना ढाँचा .................................................................................................................. 15

अनुसुची २ प्रस्ताव पत्रको प्रारम्भीक छनौट (Pre Screening) का लागि चेकलिष्ट ......................................................... 20

अनुसुची ३ उप आयोजना प्रस्तावको मुल्यांकन तथा स्विकृतिका आधारहरु ............................................................ 21

अनुसुची ४ उप आयोजना प्रस्तावको स्थलगत प्रमाणिकरणका लागि चेकलिष्ट .............................................................. 23

अनुसुची ५ उप आयोजना कार्यान्वयन सम्झौताको नमुना ढाँचा ............................................................................... 25

**साना अनुदान सहयोग कार्यक्रम कार्यान्वयनमार्गदर्शन (Implementing Procedure of Small Grant )**

## परिचय

किसानका लागि उन्नत विउ विजन कार्यक्रम वि स २०६९र०७० देखि आ व २०७५।०७६ सम्म नेपालको पश्चिमाञ्चल तथा मध्य पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत का मध्य पहाडी जिल्लामा वीउऽ मासु एंव एंव दुग्ध जन्य व्यवसाय मार्फत ग्रामिण कृषकहरुको आयस्तर वृद्धि गर्नु यस कार्यक्रमको मुख्य उद्धेश्य रहेको छ । कार्यक्रमका ३ वटा सम्भागहरु क्रमश औपचारीक रुपमा वीउ विजन क्षेत्रको विस्तार साना पशुपालक कृषकहरुको व्यावसायिकरण तथा स्थानिय उद्यमशिलता एंव संस्थागत विकास रहेका छन ।कार्यक्रम अनुदान प्रवाह लागु भएका जिल्लाहरुका योग्यता पुगेका आवेदक हरुबाट प्रस्ताव पत्र आव्हान गरि उत्कृष्ट आवेदकहरुलाइ आवश्यक्ता एंव औचित्यताका आधारमा अनुदान प्रवाह गरिन्छ ।अनुदान प्रवाह लागि अनुदान संचालन निर्देशिका ,२०७२ नेपाल सरकार र इफाड वीच भएको "किसानका लागि उन्नत विउ विजन कार्यक्रम (KUBK-ISFP) अन्तर्गत अनुदान कार्यान्वयनका लागि तयार गरि कार्यान्वयनमा रहेको छ । प्रस्तुत कार्यविधि/मार्गदर्शन कार्यक्रमको मुल अनुदान संचालन निर्देशिका अन्तर्गत जिल्लास्तरमा साना अनुदान कार्यक्रम कार्यान्वयन लाइ सहज ढंगले संचालनका लागि तयार गरिएको हो । यस्ले जिल्लास्तरमा प्रतिस्पर्धात्मक रुपमा साना अनुदान सहयोग कार्यक्रम कार्यान्वयन गर्ने प्रकृयालाई सहयोग पुर्याउछ ।प्रस्तुत कार्यविधि/मार्गदर्शन अनुदानग्राहीको योग्यता, आवेदन एंव मुल्यांकन प्रकृया , प्रस्ताव तयारी तथा पेश, उप आयोजना छनौट तथा स्विकृतिका आधारहरु , साना अनुदान सम्झौता एंव कार्यान्वयन आदि समेटि तयार गरिएको छ ।

कार्यविधि/मार्गदर्शन विशेष गरि किसानका लागि उन्नत विउ विजन कार्यक्रम अन्तरगत औपचारीक विउ विजन क्षेत्रको विस्तार तथा साना पशुपालक कृषकहरुको व्यावसायिकरण सम्भागको जिल्ला स्तरमा जिल्ला कृषि कृषि विकास कार्यालय, जिल्ला पशु सेवा कार्यालय , कार्यक्रम कार्यान्वयन इकाइ तथा जिल्ला उद्योग बाणिज्य संघ अन्तर्गत को जिल्ला लगानी द्वार मार्फत साना अनुदान कार्यक्रम कार्यान्वयनका लागि तयार गरिएको हो ।

कार्यक्रम व्यवस्थापन कार्यालयले कार्यान्वयन अनुभवको आधारमा आवश्यकता अनुसार कार्यक्रम निर्देशन समितिको स्विकित लिइ कार्यविधि /मार्गदर्शन परिमार्जन एंव ससोधन गर्नेछ । परिमार्जन गर्दा कार्यक्रमको मुल अनुदान प्रवाह निर्देशिका ,२०७२ तथा कृषि विकास मन्त्रालय अर्न्तर्गत संचालित अन्य विभिन्न आयोजना/कार्यक्रमहरुले अवलम्वन गरेका आर्थिक तथा प्राविधिक पक्षहरुलाई समेत संयोजन गरिने छ ।

## आयोजनाकोकार्य क्षेत्र ( Program Areas )

साना अनुदान सहयोग कार्यक्रम मध्यपश्चिमाञ्चलज्ञ र पश्चिमाञ्चल विकास क्षेत्रका ६ वटा पहाडि जिल्लाहरु क्रमश: गुल्मी , अर्घाखाँची , रोल्पा , प्युठान , सल्यान तथा रुकुममा संचालन गरिने छ ।अनुदान रकम प्रतिस्पर्धात्मक आधारमा प्रदान गरिने छ । सबै जिल्लाहरुको समान सहभागिता सुनिश्चित गर्न अनुदानका

लागि छुट्टयाईएको रकमबाट अनुदान कार्यान्वयनको प्रभाव एंव अनुभवका आधारमा यथोचित तवरले प्रत्येक वर्षको बार्षिक कार्यक्रम मार्फत विनियोजन गरि कार्यान्वयन गरिनेछ ।

**Nepal**
Kisanka Lagi Biu-Bijan Karyakram




02-07-2012

The designations employed and the presentation of the material in this map do not imply the expression of any opinion whatsoever on the part of IFAD concerning the delimitation of the frontiers or boundaries, or the authorities thereof.

IFAD *Map compiled by IFAD*

## सहयोगका क्षेत्रहरु ( Support Areas )

साना अनुदान सहयोग कार्यक्रम अर्न्तगत आयोजनाको संभाग १ अन्तर्गत खाद्यान्न एंव तरकारी वालीको वीउ जन्य व्यवसाय तथा संभाग २ अन्तर्गत वाख्रा , दुग्ध तथा मासु जन्य पदार्थ व्यवसाय सम्बन्धी नवीन प्रविधिको विस्तार तथा अवलम्बन, सामुदायिक वीउ वैंक (Community Seed Bank ) जस्ता प्रविधिहरु अवलम्वनका लागि लगानी गरिने छ । यस अनुदान सहयोग अर्न्तगत योग्य आवेदकहरुको माँग अनुसार आयोजनाको उद्देश्यसँग सान्दर्भिक हुने निम्न अनुसारका संभावित क्षेत्रहरुमा लगानी गरिने छ ।

## कृषि बाली (Crops )

खाद्यान्न एंव तरकारी बालीको उन्नत वीऊको उत्पादन तथा विस्तार, गुणस्तरिय वीउ उत्पादन प्रवर्दन सम्वन्धि क्रियाकलाप, उन्नत कृषि यन्त्र, औजारहरु, सामाग्रीहरु तथा निर्माण कार्य -जस्तैः पावर टिलर, मिनि टिलर चिस्यान मापन यन्त्र, कर्न सेलर, सुपर ग्रेन व्याग , सिड विन, थ्रेसर आदि) को उपयोग, उत्पादीत विउको बजारीकरण, विउ गोदाम घर (स्टोर ), समुदाय व्यवस्थित सिचाइका स्कीम, बिऊ प्रशोधनका साधन आदी ।

## पशुपालन (Livestock)

पशु नश्ल सुधार, साना डेरी, उन्नत पशुपालनका प्रविधि अवलम्वन, बाख्रापालन, भुइघाँस तथा डालेघाँस नर्सरी स्थापना र उत्पादन, गोठ निर्माण तथा सुधार/ वायोग्यास प्लाण्ट जडान र पशु वजार विकासका लागि टहरा निर्माण आदी ।

## औषत अधिकत्तम सिमा प्रति उपआयोजना (Maximum Grant Per sub project )

प्रत्येक जिल्लामा वीउ उत्पादन एंव विउ तथा पशु जन्य व्यवसायमा संग्लग्न कृषक समुह /सहकारी/ अनुदान प्रदान गरिने छ । साना अनुदान सहयोगको अधिकतम सिमा रु ३,००,००० (अक्षेरुपी रु तिन लाख मात्र ) कायम गरिएको छ ।

## लागत बाँडफाँड व्यवस्था (Cost Sharing Provision )

उपआयोजना संचालन गर्ने आबेदकले साना अनुदान मागका लागि पुरक रकम (Matching fund ) को व्यवस्था गर्नु पर्ने छ । यस्तो अनुदान रकम निर्माण पुर्वाधार सम्वन्धि क्रियाकलापहरुको लागि प्रस्तावित बजेटको ८० प्रतिशत सम्म अनुदान स्वरुप उपलव्ध गराइने छ साथै पुर्वाधार वाहेकका अन्य क्रियाकलापहरुमा हकमा ५० प्रतिशत सम्म अनुदान रकम उपलव्ध गराइने छ ।यसरी क्रियाकलाप सचालन गर्दा कुल परियोजना लागतको वढिमा ६० प्रतिशत रकम सम्म अनुदान स्वरुप रकम उपलव्ध गराइने छ ।

## समाबेश गर्न सकिने भैपरी आउने खर्च( Contingency Costs)

पुर्वाधार सम्वन्धि क्रियाकलापहरुमा मात्र भैपरी आउने खर्च (Contingency) प्रस्ताव समाबेश गर्न सकिने छ ।यसरी प्रस्ताब गरिने भैपरि आउने खर्च पुर्वाधार सम्वन्धि लगत इष्टिमेटको पांच (५) प्रतिशत भन्दा बढी हुनु हुदैन । उप-आयोजनाका सन्दर्भमा भएका पुर्व खर्चहरु (जस्तै, फाराम संकलन र वुझाउने, उप-आयोजना प्रस्ताव तयारी खर्च आदि) अनुदान सहयोगमा समाबेश गर्न पाईने छैन । साथै साना अनुदान सहयोगको रकम मेसिन तथा औजार बाहेक जग्गा जस्ता स्थीर सम्पत्ति खरिदका लागि प्रदान गरिने छैन ।

## योग्य लक्षित समूह ( Eligible Target Groups)

साना अनुदान सहयोग सहकारी संस्था/समूहलाइ प्रदान गरिने छ । यो अनुदान प्राप्त गर्न वीउ उत्पादन समुह (खाद्यान्न एंव तरकारी वाली), पशुपालक समूह -जस्तै बाख्रापालन समूह, गाई/भैसी पालन समूह), सहकारी, साना डेरी समूह, उन्नत वीऊ विस्तार समूह, उत्पादन बजारीकरण समूह, आदी निम्न मापदण्ड पुरा गरेका खण्डमा अनुदान प्राप्त गर्न योग्य हुनेछनः

- उत्पादन समुह : जिल्ला कृषि विकास कार्यालय/जिल्ला पशु सेवा कार्यालयमा दर्ता भइ कम्तीमा १ वर्ष कार्य अनुभव भएका कृषक समूह तर
- सहकारी : सहकारी ऐन २०४८ अनुसार दर्ता भई कम्तीमा एक वर्षे कार्य अनुभव भएका कृषि सहकारी वा विधानमा कृषि जन्य कार्य गर्ने भनि उल्लेख गरिएका वहुउद्देश्यिय सहकारी संस्था

**नोट : हेफर इन्टरनेशनल तथा नेपाल कृषि सहकारी केन्द्रिय सघ लिमिटेड मार्फत प्रवर्द्धन भएका समुहको हकमा हालसालै मात्र दर्ता भएका समुह /सहकारीले सम्वन्धित निकायको सिफारिशका आधारमा आवेदन दिन सक्नेछन** ।

## साना अनुदान सहयोग  कार्यान्वयन  प्रकृया (Small Grant Implementation Process )

मापदण्ड पूरा गरेका सहकारी संस्था/समूहहरुले साना अनुदान सहयोगका लागि आवेदन गर्न सक्नेछन् ।साना अनुदान सहयोग कार्यान्वन अन्तर्गतका  उप-आयोजनाका छनौटका लागि तीन चरणहरु समाबेश हुनेछन ।  उप-आयोजना पुर्ण प्रस्ताव (Sub Project Full Proposal) आव्हान, संकलन  तथा प्रारम्भिक छनौट , उप आयोजनाको मुल्यांकन एंव स्थलगत प्रमाणिकरण   तथा उप-आयोजना कार्यान्वयन संझौता, अनुगमन तथा सुपरिवेक्षण ।

| चरण | कृयाकलापहरु | जिम्मेवार इकाइ | कैफियत |
|---|---|---|---|
| **चरण १ उप-आयोजना पुर्ण प्रस्ताव आव्हान, पेश तथा प्रारम्भिक छनौट** | | | |
| | साना अनुदान सम्वन्धि प्रस्तावपत्र आव्हान | कार्यक्रम व्यवस्थापन कार्यालय/जि.कृ.वि.का./जि.प.से.का. | |
| | उप आयोजना हरुको प्रस्तावपत्र दर्ता | लगानी द्वार | |
| | उप आयोजना प्रस्ताव पत्रहरुको प्रारम्भीक छनौट | प्रारम्भीक छनौट समिति [1] | |
| **चरण २ पुर्ण प्रस्ताव मुल्यांकन तथा स्थलगत प्रमाणिकरण** | | | |
| | पुर्ण प्रस्तावहरुको मुल्यांकन तथा सफल पुर्ण प्रस्तावहरुको स्थलगत प्रमाणिकरणका लागि सिफारिश | जिल्ला कार्यक्रम कार्यान्वयन इकाइ | |
| | मुल्यांकनबाट उपयुक्त ठहर  भएका पुर्णप्रस्तावहरुको स्थलगत निरिक्षण (प्राविधिक सम्भाव्यता, आर्थिक सम्भाव्यता व्यवस्थापकिय क्षमता , वातावरणिय एव सामाजीक जोखिम न्युनिकरणका उपायहरुको अवलम्वनको विश्लेषण ) आदी | स्थलगत निरिक्षण टिम[2] | |

[1] संयोजक जि कृ वि का जि प से का प्रमुख
सदस्यहरु जि वि स पशु विकास विज्ञ
जिल्ला कृषि व्यवसाय सल्लाहकार

[2] अधिकृत प्रतिनिधि जिकृविका जि पसेका
जिल्ला विउ संयोजक पशु विकास विज्ञ
जिल्ला कृषि व्यवसाय सल्लाहकार

| चरण ३ | कार्यान्वयन सम्झौता अनुगमन तथा सुपरिवेक्षण | | | |
|---|---|---|---|---|
| | | अन्तिम स्विकृतिका लागि जि.कृ.वि.का./ जि .प.से.का. समक्ष पेश (स्थलगत प्रमाणिकरण प्रतिवेदन तथा मुल्याकन प्रतिवेदनका आधारमा ) | जिल्ला कार्यक्रम कार्यान्वयन इकाइ | |
| | | उप आयोजनाको स्विकृति (स्थलगत प्रमाणिकरण प्रतिवेदन तथा जिल्ला कार्यक्रम कार्यान्वयन इकाइको सिफारिशमा ) | जि.कृ.वि.का./ जि.प.से.का. | |
| | | कार्यान्वयन सम्झौतामा हस्ताक्षर | जि.कृ.वि.का./जि.प.से.का. र अनुदानग्राहीहरु विच जिल्ला कार्यक्रम कार्यान्वयन इकाइको को सहजिकरणमा | |
| | | उपआयोजना कार्यान्वयन अनुगमन तथा सुपरिवेक्षण | अनुदानग्राही र जि .कृ.वि.का./ जि.प.से.का./जिल्ला कार्यक्रम कार्यान्वयन इकाइ /कार्यक्रम व्यवस्थापन कार्यालय | |

## कार्यक्रम कार्यान्वयनका विभिन्न चरणहरु

जिल्ला कृषि विकास कार्यालय तथा जिल्ला पशु सेवा कार्यालयहरुले कार्यक्रम व्यवस्थापन कार्यालय वुटवल संग समन्वय गरि उपआयोजनाको पुर्ण प्रस्ताव पत्र आह्वानको तयारी, ग्रहण र संप्रेषण गर्ने छन । संभाव्य लक्षित समूहबाट आबेदन आह्वान गरिने छ । यो प्रकृयालाई सहजिकरण गर्नकालागि कार्यक्रम व्यवस्थापन कार्यालयले उत्पादनयोग्य क्रियाकलापको कार्यान्वयनको संभाव्यताको विश्लेषण गर्न योग्य (प्राविधिक, वित्तीय तथा व्यवस्थापकीय आधारमा) संक्षिप्त विवरण सहितको निर्दिष्ट उपआयोजना पुर्ण प्रस्ताव फाराम **(अनुसुची १)** तयार गर्ने छ ।

## पुर्ण प्रस्ताव आव्हान तथासंकलन

साना अनुदान कार्यक्रम कार्यान्वयन सम्वन्धि सूचना जि.कृ.वि.का., जि.प.से.का., जि. उ. वा. स. , कृषि तथा पशु सेवा केन्द्रहरु तथा वीउ प्राविधिक एंव पशु सहजकर्ताहरु मार्फत सम्प्रेषण गरिनेछ ।यस्तै व्यापक प्रचार प्रसारका लागि उपलब्ध संचारमाध्यमहरु जस्तैः पत्रपत्रिका, स्थानिय एफ एम , तथा इन्टरनेट /वेभर्साईट आदिको समेत प्रयोग गरिनेछ ।

आबेदकले तोकिएको अन्तिम मिति भित्र निर्धारित ढाँचामा दुई प्रति उप आयोजना प्रस्ताव पत्र पेश गर्नु पर्ने छ । प्रस्ताव पत्र वुझाउंदा निम्न अनुसारका कागजातहरु संलग्न गर्नु पर्ने छ ।

- समूह/सहकारी/संस्था दर्ता सम्बन्धि कागजपत्रहरु ।
- साना अनुदान सहयोगकालागि आबेदन पेश गर्ने सम्बन्धि कार्यसमिति बैठकको निर्णयको प्रतिलिपि ।
- साना अनुदान सहयोग कार्यक्रमका कृयाकलाप कार्वान्वियनकालागि आवश्यक पर्ने पुरक रकम (Matching Fund ) को उपलव्धताको सुनिश्चितता ।
- यदि कुनै निकायले प्रस्तावपत्रमा उल्लेख भएको कृयाकलापहरुमा आशिंक सहयोग गर्ने भन्ने उल्लेख गरेको भए सो को प्रमाणको रुपमा आशयपत्र वा संझौतापत्र ।
- समूह/संस्थाको सदस्य संख्या र विद्यमान श्रोतसाधनहरु (जस्तैः भौतिक सुविधा, मानव संसाधन, बैंक मौज्दात विवरण, समुहको हितकोष तथा परिचालन र बर्तमानमा गरिरहेका कृयाकलापहरु) को विवरण ।
- सहकारीहरुको हकमा गत आर्थिक वर्षको अडिट रिपोर्ट समेत पेश गर्नुपर्ने छ ।
- समुहको हकमा सम्वन्धित सेवा केन्द्र / जि.कृ.वि.का./ जि .प.से.का. वाट प्रस्तावित कार्य गर्नका लागि आर्थिक रुपमा सवल रहेको भन्ने व्यहोराको सिफारिश पत्र

यसरी प्राप्त भएका प्रस्तावपत्रहरुको प्रारम्भीक छनौटका लागि ३ सदस्यीय छनौट समिति गठन गरिनेछ । जस्मा कार्यालय प्रमुख -जि.कृ.वि.का./जि.प.से.का., जिल्ला विउ संयोजक /पशु विकास विज्ञ -कार्यक्रम कार्यान्वयन इकाइ तथा कृषि व्वयसाय सल्लाहकार -लगानी द्वार, जिल्ला उद्योग वाणिज्य संघ सदस्य रहने छन । प्रारम्भीक छनौट गर्दा **अनुसुची २** बमोजिमको नमुना ढाँचा अनुरुप गर्नुपर्ने छ ।

## पुर्ण प्रस्तावको मुल्यांकन तथा स्थलगत प्रमाणिकरणका लागि सिफारिश

जिल्ला कार्यक्रम कार्यान्वयन इकाईले जि.कृ.वि.का./जि.प.से.का को आवश्यक सहयोगमा **अनुसुची-३** मा उल्लेख गरिएका प्रस्ताव मुल्यांकन तथा स्विकृतिका आधारमा मुल्यांकन गर्नुपर्ने छ । यसरी मुल्यांकन गर्दा कम्तिमा ६० प्रतिशत मुल्यांकनका आधारहरुको उत्तर सकारात्मक हुन आएका पुर्ण प्रस्तावहरुको मात्र स्थलगत प्रमाणिकरण गरिने छ । छानबिनको क्रममा स्थलगत प्रमाणिकरण बाट सिफारिस भए वा नभएको तथ्य समेत हेरिने छ । त्यस्तै गरि उप-आयोजनाको लागत तथा प्रतिफल विश्लेषण गरिने छ । उप-आयोजना भन्दा बाहिरका सहभागिमा कामको पर्दर्शनको प्रभाव (Demonstration Effect ) पार्ने खालका उप-आयोजनाहरुलाई प्राथमिकता दिइने छ । कार्यान्वयन गरिने उप-आयोजनाका प्रस्तावीत क्रियाकलापहरुवाट अपेक्षित प्रतिफल हासिल गर्न प्रयाप्त छन् वा छैनन र जिल्ला, सेवाकेन्द्र र गाविसस्तरको कार्यालयबाट आवश्यक सेवा प्रवाह गर्न सकिन्छ वा सकिदैन सोको समेत विश्लेषण गरिनेछ । साना अनुदान सहयोगको समाप्ती पश्चात आवश्यक पर्न सक्ने मर्मत तथा सम्भार कार्यलाई दृष्टिगत गरी पेश भएका प्रस्तावलाई प्राथमिकता दिइने छ ।

## पुर्ण प्रस्तावकोस्थलगतप्रमाणिकरण

कार्यक्रमको मुख्य अनुदान संचालन निर्देशिका मा व्यवस्था भएवमोजिम प्रारम्भीक छनौट समिति एंव पुर्ण प्रस्तावको मुल्याकन पश्चात जिल्ला कार्यक्रम कार्यान्वयन इकाइ मार्फत स्थलगत प्रमाणिकरणका लागि

सिफारिश भएका प्रस्ताव पत्रहरुको स्थलगत प्रमाणीकरण टोली मार्फत स्थलगत प्रमाणिकरण गरिने छ ।
**स्थलगत प्रमाणीकरण टोलिमा अधिकृत स्तरका प्रतिनिधि जिकृविका /जिपसेका, जिल्ला विउ संयोजक /पशु विकास विज्ञ तथा जिल्ला कृषि व्यवसाय विकास सल्लाहकार रहने छन** । स्थलगत प्रमाणिकरणले प्रस्तावमा उल्लेख भएका विवरण साँचो भए नभएको सुनिश्चिता गर्नेछ । स्थलगत अवलोकनका क्रममा टोलीले आवेदक संस्थाका पदाधिकारीहरुका साथै वरीपरीका अन्य व्यक्तिहरुसंग समेत अर्न्तकृया गर्नेछन् । उप-आयोजनाले के उपलब्धी प्राप्त गर्ने अपेक्षा गरेको छ र सोका लागि प्रस्ताव गरिएका कृयाकलाहरुको बारेमा आवेदक संस्था स्पष्ट छ वा छैन भन्ने कुरा स्थलगत अवलोकनको चेक लिष्टमा समेटिने छ (अनुसुची ४) । प्राविधिक, आर्थिक र व्यवस्थापकिय दृष्टिकोणबाट प्रस्तावित स्थानमा उप-आयोजना संचालन गर्न उपयुक्त हुन्छ हुदैन सोको समेत लेखाजोखा गरिने छ ।पुर्व निर्धारीत समय र प्रस्तावित बजेट भित्र कायम रही आवेदकले उपआयोजना सम्पन्न गर्न सक्छ वा सक्दैन भन्ने बारेमा पनि यकिन गरिनेछ ।प्रस्तावित उप-आयोजना कार्यान्वयनबाट सामाजिक एवं वातावरणमा कुनै प्रकारको नकारात्मक प्रभाव पर्दैन भन्ने बारेमा सुनिश्चितता प्रदान गर्नुपर्ने छ । यसैगरी, उपआयोजना र्सावजनिक स्थान -जस्तैः धार्मिक स्थल, र्सार्वजनिक ठाँउ, खानेपानीको स्रोत, चौतारा आदि) को अतिक्रमण वा वरीपरीका अन्य (गरीब, दलित र सिमान्तकृत परिवार) को जीविकोपार्जनमा नकारात्मक असर पार्ने सम्भावनाबाट मुक्त छ कि छैन भन्ने बारेमा पनि जाँच गर्नु पर्नेछ । उप-आयोजनाको कार्यान्वयनबाट अन्तर समुदायमा द्वन्द सिर्जना हुन सक्ने जोखिम छ वा छैन सो पनि यकिन गर्नु पर्नेछ । यी सबै पक्षको विस्तृत बिबरणकासाथ आवेदकको विगतका कृयाकलापहरुमा समेत ध्यान दिनु पर्ने छ ।

## सफल भएका उप-आयोजना प्रस्ताव छनौट गरी जि.कृ.वि. /जि.प.से.का. का कार्यालय प्रमुख समक्ष पेश गर्ने

जिल्ला कार्यक्रम कार्यान्वयन इकाइले पुर्ण प्रस्तावहरुको स्थलगत प्रमाणिकरण पश्चात स्थलगत प्रमाणीकरण प्रतिवेदन तयार गर्ने छ । पुर्ण प्रस्तावको मुल्यांकन प्रतिवेदन एंव स्थलगत प्रमाणिकरण टोलीको प्रतिवेदनको आधारमा उप-आयोजनाहरुको आवश्यक जाँच गरी कार्यान्वयन योग्य ठहरिएका उप-आयोजनाहरुलाई अन्तिम स्वीकृतिका लागि कार्यालय प्रमुख समक्ष पेश गर्ने छ ।

## कार्यान्वयन सम्झौतामा हस्ताक्षर

साना अनुदान उप-आयोजनामा उल्लेखित प्रावधानहरुका बारेमा आवेदक पर्णरुपमा जानकार भएको सुनिश्चित भएपछि कार्यक्रम कार्यान्वयन इकाईको सहजिकरणमा जि.कृ.वि.का/जि.प.से.का. र साना अनुदानग्राही बीच कार्यान्वयन सम्झौतामा हस्ताक्षर गरी सो सम्झौताको एक एक प्रति दुवैले राख्नु पर्ने छ तथा एक प्रति जानकारी तथा रेकर्डका लागि कार्यक्रम व्यवस्थापन कार्यालयमा पठाइनु पर्ने छ ।अनुसूचि-५ मा कार्यान्वयन सम्झौता फारम दिइएको छ)

## उप-आयोजना संचालन, अनुगमन र प्रतिवेदन

उप-आयोजनामा उल्लेख गरिएका सम्पुर्ण कृयाकलापहरुको संचालन गर्ने जिम्मेवारी संझौता गर्ने समूह/सहकारी संस्थाको हुनेछ । उप-आयोजना अनुरुप सम्पन्न क्रियाकलापहरुको चौमासिक प्रगति प्रतिवेदन तयार गरि सम्वन्धित जिल्ला कृषि विकास कार्यालय/जिल्ला पशु सेवा कार्यालय पेश गर्नुपर्ने छ

।जि.कृ.वि.का./जि.प.से.का. कार्यालयहरुले प्राप्त प्रतिवदेनहरु कम्पायल गरि जिल्ला कार्यक्रम कार्यान्वयन इकाई मार्फत कार्यक्रम व्यवस्थापन कार्यालयमा पठाउनु पर्ने छ ।

**साना अनुदान सहयोग अन्तरगत खरिद ब्यबस्था**

आयोजनबाट साना अनुदान (Small Grant ) अर्न्तर्गत सम्झौता बमोजिम प्राप्तहुने अनुदान रकमबाट अनुदान सञ्चालन गर्ने समूह/सहकारीहरुले कुनै मालसामान, निर्माणकार्य र प्राविधिक सेवा खरिदगर्नु पर्दा अपनाउनुपर्ने प्रक्रिया निम्न बमोजिम हुने छः

**खरिद समिति गठन**

उप-आयोजना संचालनकालागि अनुदान प्राप्त गर्ने समूह/सहकारीले तीन जना सदस्य रहेको एउटा खरिद समिति गठन गर्नुपर्ने छ । यस समितिमा कम्तिमा एकजना महिला सदस्य अनिवार्य राख्नु पर्नेछ । यो समितिको छनौटगर्दा कृषकसमूह/सहकारीको कार्यकारी समितिको बैठक बाट माइन्युटमा निर्णय गरी सोही अनुरुप छनौट गर्नु पर्नेछ ।

**मेशिन उपकारण एंव औजार खरिदप्रक्रिया**

उप-आयोजना संचालन गर्न अनुदानग्राही समूह/सहकारी विच भएको सम्झौतामा परेका मेशीन उपकरण आदि खरिद गर्दा रु.२५,००० सम्म मूल्यपर्ने भए सोझै बजारबाट खरिदगरी वील तथा खरिद गरिएको मालसामान जिन्सी रजिष्टरमा अभिलेख राखि खरिद समितिले प्रमाणित गरिराख्नु पर्नेछ । रु.२५,००० भन्दा माथी र रु.३,००,००० सम्मको मेशीन उपकरण वा औजार खरिदगर्दा आफ्नो आवश्यकताको विवरण तयारगरी त्यस अनुसारको सामानको मूल्य कम्तिमा ३ वटा आपुर्तिकर्ता मार्फत दर रेट लिइ प्राप्त दररेट मध्ये न्युनतम प्रस्तावित दररेट पेश गर्ने आपुर्तिकर्ता मार्फत सामांगरी खरिदगर्नु पर्नेछ ।आपुर्तिकर्ता नियमानुसार मूल्य अभिबृद्धि करमा दर्ता भएको हुनु पर्ने छ ।

**मल, विउ, नश्ल आदि खरिद**

सरकारी फार्म वा निकायहरुबाट वा आधिकारिक रुपमा दर्ताभई यस्ता कार्यमा संलग्न गैह्र सरकारी वा निजी निकायहरु बाट खरीद समितिको माइन्युटमा निर्ण्य गरी सोझै खरिद गर्न सकिने छ । यसरी खरिद गरिएका मालसामान जिन्सी रजिष्टरमा आम्दानी अभिलेख राखि खरिद समितिले प्रमाणित गरिराख्नु पर्नेछ ।

**निर्माणसम्बन्धि कार्य**

सम्झौतामा उल्लेखित कुनै निर्माण सम्बन्धि काम -सिंचाइ कुलो निर्माण/सुधार, वीउ गोदाम घर निर्माण सुधार बाख्रा बोकाको गोठ, निर्माण/सुधार आदि) गराउनु पर्दा र्सवप्रथम गर्नुपर्ने साना कामहरुको आइटम अनुसारको विवरण तयार गरी - रु. २५,००० सम्मको) सोझै खरिद गर्ने । रु. २५,००० भन्दा माथी रु. ३,००,००० सम्मको कामको लागि सिभिल इन्जिनियरीङ्ग सम्बन्धी प्राबिधिकको सहयोगमा कामको परिमाण र लागत अनुमान तयार गर्नुपर्ने छ । यस्तो लागत अनुमान तयार गर्दा जिल्ला दररेट निर्धारण समितिबाट स्वीकृत निर्माण सामग्री र ज्यालादर लाई आधार लिनुपर्ने छ । निर्माण सम्झौता वा अमानतबाट खरिदगर्दा खरिद समितिले वार्तागरी आफ्नु खर्चको अधिकतम प्रतिफल लिनेगरी प्रयत्न गर्नु पर्नेछ ।

## कागजातहरु बुझाउनु पर्ने

खरिद प्रकृयासंग सम्बन्धित कागजातहरुको अभिलेख उपआयोजना सम्पन्न भएपछि सम्पुर्ण कागजातहरुको सक्कल प्रति अनुदानग्राहीले सम्वन्धित जि.कृ.वि.का./जि.प.से.का. पेश गर्नु पर्ने छ तथा सो को जानकारी जिल्ला कार्यक्रम कार्यान्वयन इकाइमा समेत गराउनु पर्ने ।सहकारी संस्थाको हकमा लेखा परीक्षण समाप्त नहुन्जेल सम्म संस्थामै राखि तत् पश्चात जिल्ला कार्यक्रम कार्यान्वयन इकाइमा बुझाउनु पर्ने छ । खरिद प्रकृयासंग सम्बन्धित कागजातहरुको अभिलेख सम्वन्धित अनुदानग्राहीहरुले अनिवार्य रुपमा राख्नु पर्ने छ ।

## साना अनुदान निकासा तथा भुक्तानी प्रक्रिया

- उप आयोजनाको प्रस्ताव कार्यान्वयनको लागि अन्तिम छनौट भएपछि सो को संचालनको लागि कार्यक्रम कार्यान्वयन इकाईको रोहवारमा जिल्ला कृषि विकास कार्यालय/जिल्ला पशु सेवा कार्यालय का प्रमुख र अनुदानग्राही बीच सम्झौता गरिने छ ।
- जिल्ला कृषि विकास कार्यालय/जिल्ला पशु सेवा कार्यालयले सम्झौता बमोजिमको साना अनुदान रकम किस्ताबन्दीरुपमा अनुदानग्राहीलाई भुक्तानी गर्नेछन तर अग्रिम पेश्की रकम भने उपलव्ध गराइने छैन।यसको लागि र्सवप्रथम उप-आयोजना संचालन गर्ने समुह/सहकारीले नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक वा वित्तीय संस्थामा उप-आयोजना प्रमुख र समुह/सहकारीको एकजना तोकिएको सदस्यको संयुक्त दस्तखतबाट खाता संचालन हुने गरी उप-आयोजनाको नाममा बैंक खाता खोल्नु पर्नेछ । तत्पश्चात सम्झौता बमोजिम कार्य प्रगतिका आधारमा माग भएको पहिलो किस्ता रकम उपरोक्त खातामा जम्मा हुने गरी A/C Payee Cheque बाट रकम भुक्तानी दिईनेछ ।
- अन्तिम किस्ता रकम निकासाको लागि अनुदानग्राहीले सम्झौता अनुसार गरेको कामको प्रगति प्रतिवेदन र आम्दानी खर्चको विवरण सहित माग फारम पेश गर्नु पर्नेछ । सो प्रतिवेदन र विवरण जिल्ला कृषि विकास कार्यालय/जिल्ला पशु सेवा कार्यालयले खटाएको अधिकृत स्तरका कर्मचारीले जांच एवं स्थलगत निरिक्षण एंव प्रमाणिकरण गरी भुक्तानीका लागि सिफरीश गरेको आधारमा मात्र रकम निकासा दिईनेछ ।
- जिल्ला कृषि विकास कार्यालय, जिल्ला पशु सेवा कार्यालयले साना अनुदान रकम निकासा भुक्तानी गरेको हिसाब नेपाल सरकारको आर्थिक ऐन नियम अनुसारको लेखा प्रणाली बमोजिमका म.ले.प. फारामहरुमा लेखा र अभिलेखहरु राख्नु पर्नेछ र सो को मासिक, चौमासिक र बार्षिक प्रतिवेदन आयोजना (KUBK-ISFP) मा पठाउनु पर्नेछ ।

## खर्चको विवरण र प्रगति प्रतिवेदन

अनुदानग्राहीले सम्झौता अनुसार प्राप्त गरेका आम्दानी र भएको कामको खर्चको विवरण तयार गरी अनिवार्यरुपमा अनुदान उपलब्ध गराउने निकाय जिल्ला कृषि विकास कार्यालय/जिल्ला पशु सेवा कार्यालयलाई प्रत्येक महिनाको ७ गते भित्र पेश गर्नु पर्नेछ।

अनुदानग्राही संस्थाहरुले सम्झौता अनुसार सम्पुर्ण कार्य सम्पन्न गरेपछि अन्तिम आम्दानी खर्चको विवरण र कार्यसम्पन्न वा बार्षिक प्रगति प्रतिवेदन तयार गरी तपसील बमोजिमका अभिलेख र कागजातहरु समेत संलग्न गरी कार्यसम्पन्न भएको अवधिले १५ दिन भित्र अनुदान उपलब्ध गराउने निकायलाई अनिवार्यरुपले बुझाउनु

पर्नेछ। कार्यक्रम सम्पन्न भए पछि उक्त कार्यका लागि भएको खर्च लाभग्राही समुह सहकारी तथा एंव अन्य सरोकारवालाहरु विच सार्वजनिक सुनुवाइ गर्नुपर्ने छ तथा सोको प्रतिवेदन समेत अन्तिम किस्ता भुक्तानी माँग गर्दा समावेश भएको हुनुपर्ने छ ।

तपसील

१) साना अनुदानको सम्झौता बमोजिम गरेका सबै कारोवारहरुको प्रमाणित गोश्वारा भौचरहरु र संलग्न सक्कल वील भरपाई र अन्य आधारभूत कागजातहरु

२) प्रमाणित बैंक हिसावको विवरण र बैंक स्टेटमेण्ट

३) जिन्सी अभिलेख

४) साना अनुदान कार्यक्रम संचालन सम्बन्धि अन्य कागजातहरु

तर, सहकारी संस्थाको हकमा माथि तपसीलमा उल्लेखित क्र.सं. (१), (२) र (३) अनुसारका कागजातहरु बुझाउनु जरुरी छैन ।

साना अनुदान संचालन गर्ने जिल्ला कृषि विकास कार्यालय/जिल्ला पशु सेवा कार्यालयले पनि साना अनुदान रकम निकासा भुक्तानी गरेको तथा अनुदानग्राहीहरुले पेश गरेका आम्दानी खर्च र प्रगति प्रतिवेदनहरुको एकिकृत विवरण र प्रगति प्रतिवेदन चौमासिक रुपमा र कार्यसम्पन्न भएपछि अन्तिम रिपोर्ट तयार गरी कार्यक्रम व्यवस्थापन कार्यालयमा पठाउनु पर्नेछ ।

## सार्वजनिक सुनुवाइ / लेखा परीक्षण

### कृषक समुह

अनुदानग्राही समुहले उप आयोजना सम्झौता पश्चात कम्तिमा २ वटा सार्वजनीक सुनुवाइ ( उपआयोजना सम्झौता लगत्तै तथा सम्झौतामा उल्लेखित कार्य सम्पन्न पश्चात ) गर्नुपर्ने छ । सार्वजनिक सुनुवाइमा स्थानिय स्तरमा उपलव्ध सरकारी गैह्र सरकारी राजनितिक दल नागरिक समाजका प्रतिनिधिहरुको उपस्थितिको सुनिश्चितता गर्नु पर्ने छ । यसरी सार्वजनीक सुनुवाइ गर्दा अनुदानका लागि प्राप्त रकम तथा त्यसको खर्चको विस्तृत विवरण सार्वजनीक गरि सो को प्रतिवेदन अन्तिम किस्ता भुक्तानीका वखत अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

### सहकारी संस्था

अनुदानग्राही सहकारी संस्थाले सम्झौता अनुसारको कार्यक्रम संचालन गरेको एक छुट्टै लेखा वा हिसाब किताब राख्नु पर्नेछ।यसको आवधिक आम्दानी खर्चको विवरण र प्रगति प्रतिवेदन-मासिक/चौमासिक/कार्यसम्पन्न/अन्तिम वा बार्षिक रुपमा) संवन्धित जिल्ला कृषि विकास कार्यालय/जिल्ला पशु सेवा कार्यालयलाइ निर्धारित समय भित्र उपलब्ध गराउनु पर्नेछ । यी सबै लेखा वा हिसाब किताब र सम्बन्धित कागजातहरु लेखा परीक्षणको लागि पेश गर्नु पर्नेछ । रजिष्टर्ड लेखापरीक्षकबाट सो बमोजिम लेखापरीक्षण भई दिएको प्रतिवेदन संवन्धित जिल्ला कृषि विकास कार्यालय/जिल्ला पशु सेवा कार्यालयमा आ.व. सकिएको ३ महिना भित्र अनिवार्यरुपले उपलब्ध गराउनु पर्नेछ ।

## उप-आयोजनाको कार्यक्रम संचालनवारे सार्वजनिकीकरण

उप-आयोजनाबाट संचालन गरिने कार्यक्रमहरुबाट समुदायमा प्रत्यक्ष प्रभाव पर्ने भएकोले उप-आयोजनाहरुले सार्वजनिक सुनुवाइका साथै कार्यस्थलमा सबैले देख्ने गरी निम्न कुराहरुको लिखित विवरण डिस्पले वोर्डमा अनिवार्यरुपमा टांस्नु पर्नेछ ।

- उप-आयोजनाको नाम र ठेगाना
- लाभान्वित हुने समुह / संस्थाको नाम
- लाभग्राहीको विस्तृत विवरण
- उप आयोजनाको उद्देश्यहरु
- अपेक्षित उपलब्धिहरु
- उप-आयोजना संचालन सम्वन्धि जिम्मेवार व्यक्तीको नाम
- साना अनुदान सहयोग अन्तर्गत लागत साझेदारी
  - उप -आयोजनाको कूल लागत रकम
  - किसानका लागि उन्नत विउ विजन कार्यक्रम (KUBK-ISFP) बाट प्राप्त अनुदान सहयोग
  - उप -आयोजना संचालनकोलागि अनुदानग्राहीको योगदान रकम
- उप-आयोजना अन्तर्गत संचालन हुने मुख्य मुख्य क्रियाकलापहरु
- उप-आयोजना संचालन हुने अवधि (शुरु तथा कार्यसम्पन्न हुने मिति )

## अनुगमन तथा सुपरीवेक्षण

साना अनुदान अन्तर्गत संचालित उप-आयोजनाको नियमीत अनुगमन (भौतिक प्रगति, प्राविधिक, आर्थिक कारोवार तथा लेखा राख्ने व्यवस्था) सम्बन्धित जिल्ला कृषि विकास कार्यालय/जिल्ला पशु सेवा कार्यालयले गर्नेछ । त्यसैगरि नियमीत अनुगमनमा कार्यक्रम कार्यान्वयन इकाइको भुमिका रहन्छ । केन्द्रिय निकाय क्रमश कार्यक्रम व्यवस्थापन कार्यालय तथा दातृ निकायबाट समय समयमा हुने Supervision Mission कृषि विभाग /पशु सेवा विभाग, क्षेत्रिय कृषि/पशु सेवा निर्देशनालय कृषि विकास मन्त्रालय आदीबाट समेत समय समयमा अनुगमन एंव सुपरिवेक्षण कार्य हुने छ ।

# अनुसुचीहरु

अनुसुची १ प्रस्ताव पत्रको नमुना ढाँचा

## किसानका लागि उन्नत विउ विजन कार्यक्रम (KUBK-ISFP)

# उप-आयोजना पूर्णप्रस्ताव फाराम

### (Format for the Submission of Sub-Project Full Proposal)

| | |
|---|---|
| १. उप-आयोजनाको शिर्षक | उप-आयोजनाको नाम : |
| २. उप-आयोजनाको उद्देश्य | उप-आयोजना समाप्ति पश्चात प्राप्त गरिने अपेक्षित प्रतिफल |
| ३. अनुदानका लागि आवेदन गरिएका क्षेत्र | □ कृषि वाली<br>□ पशुपालन |
| ४. उप-आयोजना संचालन हुने स्थल | जिल्ला :<br>गाविस/नपा :<br>वडाः टोल : |
| ५. उप-आयोजना अवधि | शुरुहुने अपेक्षित मिति :<br>उप-आयोजना सम्पन्नहुने अनुमानित मिति :<br>जम्मा अवधि (महिनामा) : |

६. उप-आयोजनाका कृयाकलापहरु, परिणाम तथा प्रतिफल सहितको विवरण (पहिलो ४ महिना, दोस्रो ४ महिना गरि उप-आयोजनाको अन्त्य सम्ममा के कस्ता कृयाकलापहरु संचालन गरि के कस्तो प्रतिफल प्राप्त गर्ने हो सो उल्लेख गर्ने । एउटा प्रतिफल प्राप्त गर्न एक भन्दा बढि कृयाकलाप हुनसक्ने छन् ।

| क्र.सं. | क्रियाकलापहरु | अपेक्षित प्रतिफल | | | |
|---|---|---|---|---|---|
| | | पहिलो ४ महिना | दोस्रो ४ महिना | तेस्रो ४ महिना | उपआयोजना समाप्ति पश्चात |
| ६.१. | | | | | |
| ६.२. | | | | | |
| ६.३. | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

नोट : कृपया बढि ठाऊँ चाहिएमा अर्को टेवल थप गर्नुहोस् ।

७. साभ्फेदारी/सहयोगीहरु (यदि भएमा)को जिम्मेवारी

| क्र.सं. | लाभ वितरण गर्ने शर्तमा प्राविधिक तथा अन्य सेवा उपलब्ध गर्ने साभ्फेदारी/सहयोगीहरुको नाम | संचालन गरिने क्रियाकलापहरु |
|---|---|---|
| ७.१. | | |
| ७.२. | | |
| ७.३. | | |

| |
|---|
| **८. वर्तमानको समस्याहरु बारे उल्लेख गर्ने**<br>(जस्तै : वालीलगाएको सानो क्षेत्र, थोरै उत्पादन, उत्पादनकासाधनहरुमाथिको पहुँचमा कमि, थोरै पशुपालिएको, कम उत्पादकत्व, वाली तथा पशु उत्पादीत बस्तुको थोरै परिणाममा बजारीकरण आदि ) |
| |

| | |
|---|---|
| **९. समस्या समाधानकालागि प्रस्तावित कृयाकलापहरु** (अर्थात पहिचान भएका समस्याहरुका समाधानकालागिको योजना ) | |
| ९.१ समस्याहरु | ९.२ योजना गरिएका कृयाकलापहरु |
| | |
| | |
| | |

| १०. उप-आयोजनाको कृयाकलाप, वजेट तथा लागत साझेदारी | | | | |
|---|---|---|---|---|
| लगत शिर्षक | **KUBK-ISFP** साना अनुदान | अनुदानग्राही समूह/संस्था | अन्य साझेदार/सहयोगी | जम्मा बजेट |
| **१०.१ पूँजीगत खर्च**<br>(सिंचाइ कुलो/ विउ गोदाम घर, थ्रेसिंग फ्लोर निर्माण मेसिन औजार तथा सामाग्री खरिद, वायो ग्यास प्लाण्ट जडान, गोठ निर्माण तथा सुधार, पशु वजार विकासका लागि टहरा निर्माण आदि) | | | | |
| १०.१.१ | | | | |
| १०.१.२ | | | | |
| १०.१.३ | | | | |
| १०.१.४ | | | | |
| **कुल पुँजीगत खर्च** | | | | |
| **१०.२ चालु खर्च**<br>(श्रोत विउ, रासायनिक मल, विउ परिक्षण सम्वन्धि खर्च, सामांग्री ढुवानी, प्राविधिक सेवा खर्च, होर्डिग वोड डिस्प्ले,सार्वजनीक सुनुवाइ आदि ) | | | | |
